नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१४५९८०१३/१४५९८०१४
इमेल: info@aepc.gov.np

## यस केन्द्र मार्फत् हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रममा साझेदारी गर्न इच्छुक स्थानीय तहहरुका लागि आशय पत्र सहितको माग संकलन सम्बन्धी सूचना

**सातौं पटक सूचना प्रकाशित मितिः २०८१।०५।३१**

**आशय पत्र बुझाउने अन्तिम मितिः २०८२।०२।३० (कार्यालय समय भित्र)**

यस केन्द्रले चालु आ.व. २०८०/८१ देखि लागू हुने गरी हरित जलवायु कोषको सहयोगमा पाँच बर्षे खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रम तराइका २२ जिल्लाका १५० वटा स्थानीय तहहरु छनौट गरी कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । यस कार्यक्रम अन्तर्गत ५ लाख विद्युतीय चुलो, ४ लाख ९० हजार तह ३ (Tier 3$^{+}$) को सुधारिएको चुलो र १० हजार घरधुरीहरुमा घरायसी वायोग्यास प्रविधिहरुको प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । सोका लागि केन्द्रसँग लागत साझेदारी कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तहबाट आशयपत्र सहितको माग संकलनका लागि मिति २०८१।०२।३२ मा प्रकाशित सूचना अनुसार आशय पत्र बुझाउने अन्तिम मिति २०८१।०५।३१ सम्म रहेकोमा मिति २०८२।०२।३० (कार्यालय समय भित्र) सम्म थप गरिएको व्यहोरा सूचित गरिन्छ ।

**यस कार्यक्रम सम्बन्धी थप जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**